# कञ्चन गाउँपालिका

## अध्यक्ष श्री नवराज ढकालले

## गाउँसभाको १४ औ अधिवेशनमा प्रस्तुत गर्नुभएको

# आ.व.२०८०/८१ को

# नीति तथा कार्यक्रम

कञ्चन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कञ्चन-२, रुपन्देही

## २०८० आषाढ ०७ गते

**Website: www.kanchanmun.gov.np**

**आदरणीय सभा अध्यक्षज्यू,**
**सभाका सदस्यज्यूहरु,**

१. राज्यको पुनर्संरचना पश्चात दोस्रो कार्यकालको लागि सार्वभौम जनताबाट निर्वाचित भई यस गरीमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु।

२. नेपालको युगान्तकारी अग्रगामी परिवर्तनका लागि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्ने ऐतिहासिक जनआन्दोलन, जनयुद्ध र सबै खाले आन्दोलन तथा संघर्षका क्रममा शहादत प्राप्त गर्नुहुने सम्पुर्ण शहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। बेपत्ता तथा घाइते परिवार प्रति उच्च सम्मान व्यक्त गर्दै राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र र जनजिविकाको आन्दोलनमा नेतृत्व गर्नुहुने सम्पुर्ण अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरुले पुऱ्याउनु भएको योगदानको उच्च मूल्यांकन गर्दछु ।

३. स्थानीय सरकार निर्माणदेखि हाल सम्म स्थानीय सरकारलाई प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्नुहुने राजनैतिक दल, भूतपुर्व जनप्रतिनिधि, कर्मचारी, शिक्षक, बुद्धिजिवि, पत्रकार, सामाजिक अगुवा तथा आम जनसमुदायलाई धन्यवाद दिदै आगामी दिनमा पनि यस गाउँपालिकाले गर्ने हरेक काममा यस्तै साथ सहयोगका साथै सुझाव र सक्रिय भुमिकाको अपेक्षा गर्दछु ।

४. स्थानीय तहको निर्वाचन सम्पन्न भई कार्यभार ग्रहण गरेपश्चात हामीहरुले स्थानीयवासीका समस्या पहिचान गर्दै उक्त समस्याहरुको दीर्घकालीन समाधानका लागि सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रियालाई अगाडी वढाईरहेका छौ ।आगामी आर्थिक बर्षको लागि नीति तथा कार्यक्रम र बार्षिक वजेट निर्माणको क्रममा यस गाँउपालिकाको विकास निर्माण र सम्वृद्धि तथा स्थानीयवासीका दैनन्दिनी समस्याहरुलाई सम्वोधन गर्ने हिसावले प्रत्येक टोलवस्तीमा गई योजनाहरुको माग संकलन गर्ने कार्य सम्पन्न भईसकेको छ।

५. सीमित स्थानीय स्रोत साधनका वीचमा कञ्चन गाँउपालिकाको विकास निर्माणको गतिलाई तिव्रता दिनको लागि संघीय सरकार र प्रदेश सरकारका साथै विकास साझेदारहरुसँग समेत समन्वय भईरहेको छ ।स्थानीयवासीका असीमित अपेक्षाहरुलाई सम्वोधन गर्नको लागि अल्पकालीन तथा दीर्घकालीन योजनाहरु तयार गरी प्राथमिकताका साथ पुरा गर्दै जाने दिशामा स्थानीय सरकार प्रतिवद्ध रहेको विश्वास दिलाउन चाहन्छु।

६. नेपालको संविधानले निर्दिष्ट गरेका अधिकारहरुको उच्च प्रतिफलयुक्त अभ्यास गर्दै स्थानीय सरकारलाई शसक्त र सबल रुपमा विकास गराउनु पर्दछ भन्ने मान्यतामा अडिग रहि आफुलाई सोही बाटोमा अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्दछु ।स्थानीय तहमा महिला,

कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

दलित, आदिवासी, जनजाती, थारु, मुस्लिम, अपाङ्ग, यौनिक अल्पसंख्यक लगायतका पिछडिएका क्षेत्र र वर्गको समावेशी प्रतिनिधित्व सुरक्षित र सुनिश्चित गर्न सदैब प्रतिवद्ध छौं।

**आदरणीय सभाध्यक्षज्यू**

**अव म स्थानीय तह निर्वाचन पश्चात हालसम्म भए गरेका क्रियाकलापहरुको वारेमा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु**

७. गाउँपालिकाले भुमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको वैज्ञानिक व्यवस्थापन गरी जग्गा धनी प्रमाण पुर्जा वितरण गर्ने कार्यक्रमलाई प्रमुख प्राथमिकताको रुपमा लिइएको छ।

८. हामी निर्वाचन भएर आएपश्चात भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि जग्गा नापजाँचको काम तिव्र गतिमा अगाडी बढेको छ। केही लालपूर्जा वितरण गर्नको लागि सार्वजनिक सूचना निकाल्ने अवस्थामा पुगेको छ भने अधिकांश जग्गाहरुको नापजाँच र कित्ताकाट सम्पन्न भई डिजिटाईजेसनको क्रममा रहेको छ ।

९. चालु आर्थिक बर्षभित्रै केही लालपूर्जाहरु वितरण गर्ने गरी कार्य अगाडी वढीरहेको अवस्था भएतापनि स्थानीयवासीहरुलाई लालपूर्जा प्राप्त गर्दा तिर्नपर्ने राजश्व रकम घटाएर केही राहत उपलब्ध गराउन सकिन्छ कि भन्ने अपेक्षाका साथ एकातर्फ संघीय सरकारसँग समन्वय भईरहेको र केही सकारात्मक आश्वासन समेत प्राप्त भएको छ भने अर्कोतर्फ आगामी आर्थिक बर्षमा भू उपयोग ऐनको आधारमा जग्गाको वर्गिकरण तथा मूल्याङ्कन गरी सोही अनुरुप राजश्व निर्धारण गर्नेतर्फ समेत समन्वय भईरहेको छ। यसबाट राजस्व घटाउन सकिने संभावना रहेको छ ।

१०. अतः केही समय ढिला गरेरै भएपनि स्थानीयवासीहरुलाई राजश्व रकममा केही सहुलियत उपलब्ध गराउने दिशामा अगाडी वढीरहेको हुनाले यस आर्थिक बर्षमा लालपूर्जा वितरण गर्न नसकिएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु।

११. जनतालाई सुशासनको प्रत्याभुति गर्दै घर आगनमै सेवा पुऱ्याउन सके मात्र लोकतन्त्रले सार्थकता पाउने मान्यतामा उभिएर यस गाउँपालिका अधिकार सम्पन्न स्थानीय सरकारको रुपमा दृढताका साथ उभिएको छ। सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, विद्युतिय नागरीक वडापत्र आदिको माध्यमबाट सेवालाई विद्युतिय शासन तर्फ अगाडि बढाउन हरदम प्रयास गरिएको छ ।शिक्षा, स्वास्थ्य, मानव विकास, पूर्वाधार विस्तार लगायतका कार्यहरुमा प्राथमिकताका साथ लगानी वढाउदै लगिएको छ।

१२. यस गाँउपालिकाको विकास र समृद्धिको लागि यूवा शक्ति परिचालन अपरिहार्य ठानी वैदेशिक रोजगारबाट फर्किएका जनशक्तिहरुलाई स्थानीय तहमै टिकाउनको लागि विभिन्न सीपमूलक



कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

तालिमको व्यवस्था गरी उनीहरुको ज्ञान, शीप, दक्षता र रुची अनुसारको स्वरोजगारमूलक कार्यमा अभिप्रेरित गर्नको लागि लगानीमा आर्थिक सहयोग गर्ने कार्य भईरहेको छ भने वैदेशिक रोजगारमा जान चाहनेहरुका लागि गाउँपालिकाबाट नै श्रम सम्झौता प्रकृया शुरु हुने व्यवस्था मिलाईएको छ।

१३. कृषिलाई आधुनिकिकरण, व्यावसायिकरण र यान्त्रिकरण तर्फ उन्मुख गराउने खालका कार्यक्रम सञ्चालन गरिदै आईएको छ जसबाट कृषकहरुको जिवनस्तरमा सुधार आएको छ। कृषि सम्बन्धी पालिका स्तरीय तथ्यांक अद्यावधिक, कृषि समुह तथा फर्महरुको व्यवस्थापन तथा किसान सूचिकरण गरी कृषक बर्गीकरण कार्य वडा नं. १ र २ मा सञ्चालन गरिसकिएको छ।

१४. पशुहरुमा लाग्ने विभिन्न रोगहरुको संक्रमणलाई रोक्न भ्याक्सिन कार्यक्रम सञ्चालन गर्नुका साथै गोठ सुधार कार्यक्रम सञ्चालन गरीएको छ। पशुजन्य उत्पादनलाई वृद्धि गर्नका लागि कृत्रिम गर्भाधन कार्यक्रम सञ्चालन गरिएको छ।

१५. वडा कार्यालयबाट हुने विभिन्न किसिमका सिफारिस तथा गाउँपालिकाबाट गरिने व्यवसाय दर्तालाई सफ्टवेयर प्रणालीमा आवद्ध गरिनुका साथै विद्युतिय शासनको अभ्यास गरिदै लगिएको छ । सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त र पारदर्शी बनाउनका लागि वडा कार्यालयहरुका साथै गाउँपालिका भवनमा सि.सि.टि.भि. क्यामरा जडान गरिएको छ। नागरिकको महा अधिकार पत्रका रुपमा रहेको नागरिक वडा पत्रलाई प्रविधिमैत्री बनाई विद्युतिय नागरिक वडा पत्र कार्यान्वयनमा ल्याइएको छ।

१६. कुनै पनि नागरिकलाई स्वास्थ्य सेवामा वञ्चित नहुने गरी आकस्मिक स्वास्थ्य सेवा आधारभूत स्वास्थ्य केन्द्र मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको छ भने कञ्चनवासी गर्भवती महिलाको सुविधालाई लक्षित गरी गजेडी स्वास्थ्य चौकीमा बर्थिङ सेन्टरको स्थापना गरी सेवा प्रदान गर्दै आईरहेको छ।

१७. स्थानीय सेवा प्रवाहलाई थप प्रभावकारी बनाई नागरिकलाई सुशासनको अनुभूति दिलाउनका लागि सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सेवाग्रही सन्तुष्टी सर्वेक्षण र विद्युतिय नागरिक वडा पत्र लगायतका उपकरणको माध्यमबाट सेवा प्रवाहलाई स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (LISA) र स्थानीय तह वित्तीय सूशासन जोखिम मूल्याङ्कन (FRA) का सूचकहरुलाई समेट्ने र सार्थक परिमाण दिने गरी कार्य प्रकृयालाई सहजिकरण र सरलिकरण गर्दै लगिएको छ ।

१८. नेपालको संविधानले निर्दिष्ट गरेका नागरिकका मौलिक हक अधिकारको रक्षा गरी आर्थिक विकासको माध्यमबाट स्थानीय तहको सरकारलाई सबल र समृद्ध गराउन आवधिक योजना निर्माण गरी अल्पकालिन, मध्यकालिन र दिर्घकालिन सोच र लक्ष्यका साथ अगाडि बढिरहेका

कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

छौं।लोकतान्त्रिक समाजवाद प्रति प्रतिवद्ध रहदै स्थानीय सरकारलाई शसक्त र सबल बनाउने बाटोमा तल्लिन रहेको जानकारी गराउदछौं ।

**सभाध्यक्ष महोदय,**

१९. विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट लत्रिएको अर्थततन्त्रले विस्तारै आफ्नो गति लिन थालेको यथार्थ हामी सबैलाई थाहा छ । यसको प्रत्यक्ष मार आम उपभोक्तामा परेको छ । विश्व अर्थ व्यवस्थामा आएका केही उतार चढावहरुले आपूर्ति श्रृंखलामा संकुचन ल्याई नेपाललाइ समेत प्रभाव पारेको छ ।यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा समेत नकारात्मक असर देखा पर्दा विकास निर्माणका कार्यले अपेक्षित गति लिन नसकेको अवस्था छ। दक्ष जनशक्तिको पलायन, लगानीयोग्य पूजीको अभाव, बढ्दो महङ्गी, आर्थिक क्रियाकलापहरुमा आएको संकुचन, घरजग्गा व्यवसाय र कित्ताकाटमा आएको गिरावट, अत्यन्तै न्यून आन्तरिक आय जस्ता समस्याहरुबाट मुक्त भई सिमित स्रोत र साधनका बाबजुद स्थानीयवासीहरुका विकास, समृद्धि र सुशासनको सपनालाई द्रुत गतिमा पुरा गर्ने चुनौती हामीसामु विद्यमान रहेको छ।

२०. यद्यपी संविधानतः प्रदत्त एकल तथा साझा अधिकारहरुको प्रयोगको लागि कानून निर्माण गरी शक्तिशाली स्थानीय सरकारको अभ्यास मार्फत सामाजिक न्याय र सुशासन कायम गर्न सक्ने अवसरहरु व्याप्त छन्।

२१. गाँउपालिकाको क्षेत्रभित्र रहेका विभिन्न ताल, तलैया, हाटवजार, धार्मिक तथा पर्यटकीय सम्पदा आदिलाई स्थानीय सरकारको दायरामा ल्याई आन्तरिक आय विस्तार गर्नको लागि पर्याप्त सम्भावना रहेका छन्।

२२. सर्वसुलभ सडक र यातायातको पहुँचले गर्दा विविध धार्मिक, सास्कृतिक, जातीय विविधतावाट सिर्जित कला, संस्कृति र मौलिक रहनसहन प्रवर्धन गरी पर्यटकीय लाभ लिन सक्ने अवसर रहेको छ। तिव्र वसाईसराईवाट उत्पन्न भएको जनसांख्यिक लाभ लिदै युवाशक्तिलाई स्थानीय क्षेत्रमै परिचालन गरी गाँउपालिकाको कृषि तथा साना उद्योगको क्षेत्रमा फड्को मार्न सक्ने सम्भावना रहेको छ ।

२३. दिगो विकासले लिएका लक्ष्यहरु सन् २०३० सम्म हासिल गर्नका लागि यस गाँउपालिकाले समेत स्थानीयकरण कार्ययोजनाका साथ विभिन्न कार्यक्रमहरु अगाडि बढाइएको छ भने पञ्चवर्षीय योजना निर्माण कार्य अगाडी वढेकोले योजनावद्ध विकासको लागि आधारशिला तय भएको अवस्था छ।

**आदरणीय सभाध्यक्षज्यू**

२४. आगामी बर्षको लागि यस गाँउपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दै गर्दा नेपालको संविधान, नेपालको संविधानको प्रस्तावनामा उल्लेखित विषयहरु, नागरिकका मौलिक हक तथा

कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

कर्तव्यहरु, राज्यको दायित्व, राज्यका नीतिहरु, स्थानीय तहका एकल तथा साझा अधिकार सूचिका विषयहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, पन्ध्रौ आवधिक योजना, दिगो विकास लक्ष्य नेपाल सरकारका नीति तथा कार्यक्रम, संघीय सरकार र प्रदेश सरकारका आ.व. २०८०/८१ का नीति तथा कार्यक्रमहरु स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन,२०७८ मा भएका व्यवस्था आदिलाई मार्गदर्शनको रुपमा लिएको छु।

२५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन तथा निर्देशनहरु, विगतका कार्यक्रमहरुको समीक्षा तथा कार्यानुभव र अनुगमन तथा मुल्याकन बाट प्राप्त पृष्ठपोषण, राजनैतिक दल, विषयगत शाखाहरु, नागरिक समाज लगायत सरकारी तथा गैर सरकारी संघ संस्थाबाट प्राप्त सुझावहरु, राजस्व परामर्श समितिको अध्ययन प्रतिवेदन, विभिन्न क्षेत्र र निकायमा गरिएका प्रतिवद्धताहरु समेतलाई मध्यनजर गर्दै नीति तथा कार्यक्रम ल्याइएको छ।

**सभाध्यक्ष महोदय एवम सभाका सदस्यज्यूहरु,**
**अब म आगामी आर्थिक बर्ष २०८०/८१ का लागि यस गाँउपालिकाले लिने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**आर्थिक विकासतर्फ**

२६. गाउँपालिकामा उत्पादित कृषि बाली वस्तुको उचित बजार (शीत भण्डार र संकलन केन्द्र निर्माण) व्यवस्थापन गरिनेछ। साथै माटोको गुणस्तर सुधारका लागि जिंक, कृषि, चुना, जिप्सम वितरण तथा रासायनिक मलको विकल्पको रूपमा अर्गानिक मलको रूपमा कम्पोषंट मल, जैविक मल, हरियो मल उत्पादन तथा प्रयोगका लागि कृषकहरूलाई प्रोत्साहन गरिने ।

२७। भण्डारण तथा पोष्ट हार्भेष्ट क्षति न्यूनिकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरी कृषकहरूलाई आधुनिक कृषि प्रविधि स्प्रेयर, हाते ट्याक्टर, पावर टिलर, रिपर, आधुनिक प्लाष्टिक घर, मल्चिङ्ग प्लाष्टिक, थोपा सिंचाई जस्ता यन्त्र उपकरणको प्रयोगमा बढावा दिई कृषिलाई आधुनिकीकरण तर्फ अग्रसर गराईनेछ साथै बाली नालीको क्षति न्यूनिकरणका लागि आकस्मिक बाली संरक्षण सेवा, प्लान्ट क्लिनिक तथा आई.पि.एम. कार्यक्रम सञ्चालन गरी कृषिलाई प्रविधि मैत्री बनाइ तेलहन बाली विकासको लागि सूर्यमुखी खेतीको क्षेत्र विस्तार गरिनेछ ।

२८। वडा नं. १ र २ मा चालु आ.व.मा सञ्चालित किसान सूचिकरण कार्यलाई ५ वटै वडामा विस्तार गरी किसानहरुको अभिलेखिकरण गरीनुका साथै किसान परिचयपत्र वितरण कार्यक्रमका लागि आवश्यक पहल गरिनेछ ।

२९। कृषकहरूलाई कृषि व्यवसाय प्रति आकर्षित गर्न माग तथा उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनुका साथै कृषि सहकारी/कृषि समूह/कृषि फर्मको माध्यमबाट कार्यक्रम माग तथा सञ्चालन गर्ने कार्यलाई उच्च प्राथमिकता दिईनेछ र प्रभावकारी सेवा

प्रवाहको लागि समग्र कार्यक्रम सञ्चालनार्थ आवश्यक कानून, कार्यविधि र मापदण्डको समायानुकुल संशोधन र निर्माण गरी कार्यक्रमको प्रभावकारी अनुगमनमा जोड दिइनेछ।

३०। उत्पादन वृद्धि गरी उत्पादकत्वमा सुधार ल्याउने कार्यका लागि बाली विकास विशेष खाद्यान्न/तरकारी/च्याउको उन्नत विउ वितरण कार्यक्रम सञ्चालन गरिनुका साथै कृषिको औधोगिकिकरणका लागि केचप/सस/अचार तथा फ्रोजन संरक्षण सम्बन्धी प्रविधि विस्तार एवं घरेलु उद्योग स्थापनाका लागि विभिन्न निकायहरुसँग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्न विशेष जोड दिइनेछ, कृषि क्षेत्रको स्तरोन्नती एवं कृषि पर्या पर्यटनका लागि यस आ.व.बाट सामुदायिक वनका खाली जग्गामा विभिन्न उन्नत जातका फलफुलका विरूवा रोप्ने नीति लिइनेछ ।

३१। फलफूल खेतीको प्रवर्द्धन तथा क्षेत्र विस्तारका लागि नर्सरी स्थापना गरी ***"एक घर एक फलफूल विरूवा अभियान"*** सञ्चालन गरिनेछ ।

३२. विगतमा च्याउ, तरकारी तथा गहुँको बिउमा दिदै आएको अनुदानलाई निरन्तरता दिइनेछ। माटो परीक्षण सम्वन्धी प्रयोगशालामा जि.पि.एस. प्रविधि जडान गरी निःशुल्क माटोको स्तरमा मापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३३. खेति योग्य जमिन बाँझो रहेको कारण कृषि जन्य वस्तुको उत्पादनमा ह्रास आइ देशको अर्थतन्त्रमा प्रतिकुल असर परेको अवस्थालाई मध्यनजर गर्दै डिग फर नेपाल सँगको सहकार्यमा ***"जोतौं जमिन सारा पारौं हराभरा"*** भन्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. दिगो सिँचाईको व्यवस्था गर्न कञ्चन नदी र कोठी नदीबाट लिफ्ट सिँचाई मार्फत खेती योग्य जमिनमा सिँचाईको व्यवस्था गर्न संघीय सरकार तथा प्रदेश सरकारका निकायहरुमा पहल गरिनेछ । लिफ्ट सिँचाईको योजना सम्भव नभएका स्थानहरुमा डिप ट्युवेल र स्यालो ट्युवेल मार्फत सिचाईको सुविधा पुऱ्याइने कार्यलाई निरन्तरता दिइनेछ ।

३५। कृषकहरूलाई पशु व्यवसाय प्रति आकर्षित गर्न उत्पादनमा आधारित दुध र दुग्धजन्य पदार्थको उत्पादन प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनुका साथै नश्ल सुधारका लागि प्राकृतिक तथा कृत्रिम गर्भाधानको कार्यक्रमलाई प्रभावकारी बनाई पशुमा कृत्रिम गर्भाधान गर्न किसानहरूलाई प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

३६। पशुपंक्षीमा लाग्ने महामारी रोग विरूद्ध रोकथाम तथा न्यूनिकरण र रेविज रोग विरूद्धको निःशुल्क खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै विगत देखि सञ्चालन हुँदै आएको पशुपंक्षी, मत्स्यमा लाग्ने आन्तरिक तथा बाह्य परजिवि लगायत विभिन्न किसिमका रोगहरूको परीक्षण गरी उपचार र रोकथामका लागि पशु सेवा शाखा मार्फत निःशुल्क औषधि वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

३७। कञ्चन गाउँपालिकालाई दुध, मासु र अण्डामा आत्मनिर्भर बनाउने उद्देश्यका साथ दुध, मासु र अण्डामा उत्पादनमा आधारित अनुदान प्रोत्साहन गरी व्यावसायिक रूपमा माछापालन गर्ने कृषकहरूका लागि आवश्यक अनुदानको समेत व्यवस्था गर्दै क्रमशः ४ वर्ष भित्र मत्स्य उत्पादनमा समेत आत्मनिर्भर बनाउने गरी विभिन्न अनुदानका कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ।

३८। सम्भाव्य क्षेत्रको आधारमा एक वडा एक (पशुपंक्षी, मत्स्य) उत्पादन अन्तर्गका वडा नं. १ मा भैंसीपालन, वडा नं. २ मा मत्स्य पालन, वडा नं. ३ मा गाई पालन, वडा नं. ४ मा बंगुर पालन तथा वडा नं. ५ मा बाख्रा पालन कार्यक्रमलाई उच्च प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

३९। व्यावसायिक पशुपालक कृषक तथा मत्स्य पालन गर्ने युवा, एकल महिलाहरुलाई प्रोत्साहन गर्ने नीति अंगिकार गरी पशुपालक कृषकको समस्या समाधान गर्नका लागि कञ्चन गाउँपालिकाको वडा नं. ३, ४ र ५ लाई पायक पर्ने स्थानमा पशु सेवा सम्पर्क कार्यालय स्थापना गरी सेवा प्रवाहलाई थप विस्तार गरिनेछ ।

४०। क्षमता विकास, पशु सेवा सम्बन्धी कार्यक्रमको कार्यविधि निर्माण, पशुपंक्षी सम्बन्धी अवलोकन र चेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिई पशुजन्य उत्पादन वृद्धि गर्नका लागि पशु आहारा कार्यक्रम सञ्चालन गर्न गाउँपालिका भित्रका पशुपंक्षी तथा मत्स्य पालक कृषकहरूलाई चेतनामूलक जानकारी सहित वहुवर्षीय घाँसको विउ उपलब्ध गराइनेछ।

४१। पशुजन्य उत्पादनको लागि औद्योगिकिकरण तथा व्यावसायिकरण गर्ने कञ्चन गाउँपालिका भित्रका कृषक/कृषक समूह/सहकारीलाई प्रोत्साहन गर्ने नीतिलाई आत्मसाथ गर्दै व्यावसायिकरूपमा दर्ता भई गाई भैंसी पालन गरेका कृषकहरूलाई ड्राम गोवर ग्याँसमा अनुदान उपलब्ध गराई वैकल्पिक उर्जालाई प्राथमिकताका साथ अगाडी बढाइनेछ, जसले वैकल्पिक उर्जाको प्रयोगमा बढोत्तरी भई वातावरणीय स्वच्छता कायम गर्नका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै लगिनेछ ।

४२। रेविज रोग विरूद्ध भ्याक्सिन पशु सेवा शाखा मार्पत निःशुल्क लगाउने व्यवस्था मिलाइनेछ। व्यावसायिक रूपमा मासु पसल सञ्चालन गर्ने व्यवसायीलाई प्रोत्साहन गरी पशुपंक्षी तथा मत्स्य सम्बन्धी विपद् व्यवस्थापन सहयोग कार्यक्रमलाई संचालन गरिनेछ ।पशुजन्य आहाराको लागि व्यावसायिक फर्मलाई मकै खेतीलाई प्रोत्साहन गरिनेछ।

४३. छाडा पशु नियन्त्रणका लागि सैनामैना नगरपालिका, लुम्विनी साँस्कृतिक नगरपालिका र गैडहवा गाउँपालिका सँगको लागत साझेदारीमा गौशाला निर्माणको कार्यलाई अगाडि बढाइनेछ ।

४४. पशुजन्य आहाराको परिपूर्ति गर्नका लागि मकै खेतीलाई प्रोत्साहन गरी उत्पादनमा वृद्धि गर्न पशु आहारा कार्यक्रम सञ्चालन गरिनेछ ।

४५. नश्ल सुधार गरी उत्पादकत्व वृद्धि गर्ने उद्देश्यका साथ नश्ल सुधार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनुका साथै पशुपालक कृषकहरुका लागि विभिन्न कार्यक्रम मार्फत प्रोत्साहन गर्ने नीति अंगिकार गरिनेछ ।

४६. ***"कृषकसँग प्राविधिक"*** भन्ने नाराका साथ कृषकहरूका समस्या समाधानका लागि कृषि र पशु प्राविधिकहरुलाई घरदैलो कार्यक्रम मार्फत परिचालन गर्ने नीति अंगिकार गरिनेछ ।

४७। पालिकाभित्र रहेका पर्यटकीय स्थलहरू जस्तै वडा नं. १ को बेलभरियामा रहेको ऐतिहासिक वरको रूख, गजेडी दानापुर ताल, कञ्चन-४ मा रहेको बौद्ध गुम्बा, भैरवघाट, तुलसीघाट, रूद्रेश्वर महादेव धाम, वडा नं. ५ मा रहेका चित्र कुटि वृद्ध आश्रम वडा नं. ३ को मलावरदेवी मन्दिर, नागपोखरी, सुपा देउराली मन्दिर, वडा नं. २ मा रहेको गणेश मन्दिर जस्ता संरचनाहरूको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिइनेछ जसका लागि कञ्चन गाउँपालिकाभित्र रहेका होटल तथा पर्यटन व्यवसायीहरूसँग आवश्यक समन्वय गरी पर्यटकीय स्थलहरूको प्रचार-प्रसार गरिनेछ ।

४८। गाउँपालिकाभित्र रहेका पर्यटकिय स्थलहरूका बारेमा जानकारी गराउने उद्देश्यका साथ विभिन्न स्थानहरूमा होर्डिङ्ग बोर्ड निर्माण गरी पर्यटकीय क्षेत्रहरुको बारे जानकारी गराइनेछ साथै स्थानीय भाषा, कला र संस्कृति संरक्षण गर्ने उद्देश्यले कञ्चनभित्र बेलडाँडामा होम स्टे निर्माण र सञ्चालनका लागि सम्भाव्यता अध्ययन कार्यलाई अगाडी बढाइ जातिय र साँस्कृतिक विविधताको पहिचान र संरक्षणका लागि थारू, मगर र नेवार संग्राहलयहरूको प्रवर्द्धन र विकास गरिनेछ ।

४९। सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ विभिन्न तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ । सहकारी संस्थाहरूको नियमन र व्यवस्थापन कार्यका लागि सहजता ल्याउन मर्जरमा आउन चाहने सहकारीहरूका लागि विभिन्न प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।

कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

५०। सामूहिक खेती प्रणालीको विकास गर्न महिलाहरूद्वारा सञ्चालित कृषि सहकारी एवं उत्पादनमूलक सहकारीहरू सँग आवश्यक समन्वय गरि सहकारी खेती कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

५१। सहकारी सञ्जालसँगको आवश्यक समन्वय र सहकार्य मार्फत सहकारीको स्तरोन्नती, अनुगमन, नियमन र नियन्त्रणका लागि आवश्यक छलफल तथा अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गरि नियमित रूपमा सहकारीहरूको घुम्ती बैठक सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

५२। समाजवादको आधारस्तम्भको रूपमा रहेको सहकारीको महत्वलाई उजागर गर्न सहकारी संघ संस्था, सहकारी अगुवा, सहकारी सञ्जाल लगायतसँगको समन्वय र साझेदारीमा एक दिवसिय वृहत सहकारी भेलाको आयोजना गरिनेछ ।

**सामाजिक विकासतर्फ**

५३. लक्षित वर्गलाई प्रदान गरिने आर्थिक सहायताको दुरुपयोगलाई रोकि व्यवस्थित, पारदर्शी र सामाजिक न्यायका आधारमा उपलब्ध गराउनको लागि कानून निर्माण गरी सोही वमोजिम कार्यान्वनमा लगिनेछ।विभिन्न समुहबाट माग हुदै आउने आर्थिक सहायतालाई नियन्त्रण गरि सम्वन्धित निकायमा दर्ता भई यस स्थानीय तहमा सूचिकृत भएका संघ संस्थालाई मात्र आर्थिक सहायताको दायरामा समेटिनेछ।

५४. कार्यालयबाट प्रदान हुदै आएका कार्यक्रम, अभिमुखीकरण र सीप विकास कार्यक्रमहरुलाई व्यवस्थित गर्नको लागि उद्यमशिलता मार्फत आयआर्जन बृद्धि गरि वेरोजगारी समस्या न्यूनिकरण गर्ने खालका उपलब्धिमूलक तालिमहरु सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ।यसवाट हालसम्म विभिन्न कार्यक्रम शिर्षकमा हुँदै आएको फजुल खर्चको समेत नियन्त्रण हुने विश्वास लिएको छु।

५५. सामुदायिक विद्यालयको गुणस्तर वृद्धि गर्नका लागि जनप्रतिनिधि, कर्मचारी र सार्वजनिक पद धारण गरेका व्यक्तिका छोराछोरीहरुलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पढाउने नीति लिइनेछ ।

५६. विद्यार्थी तथा शिक्षक संख्या कम भएका विद्यालयहरूलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँगको सहकार्यमा समायोजन तथा मिलान गर्ने नीति अवलम्वन गरिनेछ ।

५७. गर्भवती देखि सुत्केरी सेवा सँगै नवजात शिशु सेवा र पोषण सेवाको पहुँच लक्षित वर्गसम्म पुऱ्याई आमा र बच्चाको मुत्युदर कम गर्नु अहिलेको आवश्यकता भएकोले सुनौलो हजार

दिनका आमा र शिशुहरूलाई स्वास्थ्य सुधार गर्न विभिन्न सचेतनाका कार्यक्रमहरू अगाडी बढाइनेछ ।

५८. नागरिकहरूको आधारभूत मौलिक हकको रूपमा रहेको आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हकलाई सुनिश्चित गर्ने उद्देश्यका साथ गाउँपालिकाको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन गाउँपालिकाद्वारा सञ्चालित गजेडी र रूद्रपुर स्वास्थ्य चौकीहरूमा रहेका प्रयोगशालाहरूको स्तरोन्नती गरिनेछ। रेडक्रस सोसाइटीसँग भएको सम्झौता बमोजिम निःशुल्क रगत उपलब्ध गराइ रगतको अभावमा उपचारबाट बञ्चित हुनुपर्ने अवस्थाको अन्त्यका लागि विभिन्न निकायहरूसँगको समन्वयमा रक्तदान कार्यक्रम सञ्चालन गर्दै निःशुल्क रगत उपलब्ध गराउने चालू आ.व.को कार्यलाई निरन्तरता दिइनेछ।

५९. स्वास्थ्य सेवाको आधारस्तम्भका रुपमा रहेका सामुदायिक महिला स्वास्थ्य स्यवंसेविकाहरूले स्वास्थ्य क्षेत्रमा पुऱ्याएको योगदानलाई उच्च सम्मान गर्दै चालु आ.व.मा विनियोजित रकमलाई निरन्तरता दिइनेछ ।

६०. आफ्नै भवनबाट सेवा सञ्चालन गरेका ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको समायानुकुल स्तरोन्नतीका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६१. गभर्वती महिलाहरूलाई ८ पटक गर्भ जाँच गर्ने कार्यलाई प्रोत्साहन गर्न यस अघि वितरण गरिदै आएको आयोडिन नुन र साबुन वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ साथै सुत्केरी सँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत कञ्चनभित्रका बर्थिङ सेन्टरमा सुत्केरी हुनेहरूलाई दिइने पोषण खर्चलाई समेत निरन्तरता दिइनेछ जसबाट वर्थिङ सेन्टरमा सुत्केरी हुनेहरूको संख्यामा उल्लेख्य सुधार आइ ***"जिरो होम डेलिभरी"*** गाउँपालिका घोषणाका लागि सहयोग पुग्नेछ ।

६२. प्राय थारू जातिमा देखिने सिकलसेल एनिमिया रोग, नसर्ने रोगहरू एवं उपेक्षित उष्णप्रदेशिय रोगहरूको रोकथाम र न्यूनिकरणका लागि सचेतना लगायतका विविध कार्यक्रमहरु सरकारी तथा गैर सरकारी निकायहरूसँगको समन्वय र सहकार्यमा सञ्चालन गरिनेछ ।

६३. पोषण मैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम अगाडि बढाई सिंगो गाउँपालिकालाई पोषणमैत्री बनाउन पोषण कार्यक्रम अन्तर्गत एक घर एक करेसावारी कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

६४. ज्येष्ठ नागरिकहरूको ज्ञान, सिप र अनुभवहरूको हस्तान्तरणका लागि ज्येष्ठ नागरिकहरुको सम्मानमा सञ्चालित ***"ज्येष्ठ नागरिकसँग अध्यक्ष कार्यक्रम"*** लाई यस वर्ष पनि निरन्तरता दिइनेछ।

६५. आफ्नो जग्गाका लालपुर्जा नभएका कारण अगाडि बढ्न नसकेको पन्ध्र शैयाको आधारभूत अस्पताल सञ्चालन प्रकृया नापजाँच भई पूर्जा वितरणको प्रक्रियामा रहेको हुँदा यस आ.व.मा अगाडी बढाईनेछ।

६६. कञ्चन गाउँपालिका जडिबुटी खेतीको सम्भाब्य क्षेत्र भएको हुँदा यहाँका मूल्यवान जडिबुटीहरूको पहिचान गरी ब्यावसायिक खेती गर्नका लागि कृषकहरुका लागि तालिमको व्यवस्था गरिनुका साथै ***"एक घर एक जडिबुटी खेती"*** अभियान सञ्चालन गरिनेछ ।

६७. रूद्रपुर आयुर्वेद औषधालयमा दिनहुँ आउने बिरामीको चाप तथा रोगको प्रकृतिको आधारमा अति आवश्यक औषधीहरुलाई निःशुल्क वितरणको व्यवस्था गरिनेछ ।

६८. स्वास्थ्य शरीर, शान्त मन तथा शुद्ध आचरण भन्ने मान्यतालाई आत्मसात गर्दै सामाजिक अगुवा, जनप्रतिनिधि, कर्मचारी तथा शिक्षकहरूका लागि स्वस्थ जीवनशैली, योग तथा तनाव व्यवस्थापनका लागि अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

६९. सामाजिक सञ्जालको प्रयोगबाट विद्यार्थीमा पर्न गएको नकारात्मक असरलाई न्युन गर्नका लागि विद्यालयहरूमा योग शिक्षा कार्यक्रम सञ्चालन गरि योगमैत्री नमूना विद्यालय घोषण गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

७०. मातृशिशुको स्वास्थ्यका लागि हरेक वर्थिङ्ग सेन्टर तथा आयुर्वेद संस्थाबाट निःशुल्क दुग्धवर्धक औषधि सतावरी चुर्ण वितरण गर्ने व्यवस्था मिलाइनुका साथै रूद्रपुर आयुर्वेद औषधालयको स्तरोन्नतीका लागि विभिन्न निकायसँग समन्वय गरिनेछ ।

७१. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि नविनतम प्रविधिको प्रयोग र मानव संशाधन विकासमा जोड दिइने छ।

७२. गाउँपालिकाभित्रको समग्र शैक्षिक अवयव समेट्ने गरी गाउँपालिका शैक्षिक प्रोफाइल र सोका आधारमा आवाधिक गाउँपालिकाको शैक्षिक योजना निर्माण कार्य अघि बढाइनेछ ।

कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

७३. सामुदायिक विद्यालयहरुको भौतिक पुर्वाधार निर्माण र मर्मतको लागि संघ तथा प्रदेश सरकार सँगको समन्वयमा काम गर्ने व्यवस्था मिलाइनेछ साथै विद्यालय हाताभित्र जंक फुड निषेध गर्ने नीति लिइनेछ ।

७४. कञ्चन गाउँपालिकाको धर्म संस्कृति र परिवेश समेटी कक्षा ६ देखि ८ सम्म स्थानीय पाठ्यक्रम निर्माणका लागि आवश्यक कार्य अगाडि बढाइनेछ ।साथै प्रारम्भिक बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीका लागि केन्द्र सरकारबाट प्राप्त तलव थप गरि दिनु पर्ने न्यूनतम तलबको लागि आवश्यक बजेटको कार्यलाई निरन्तरता दिइनेछ।

७५. विद्यालयको शैक्षिक स्तर सुधारको लागि सूचकमा आधारित नियमित अनुगमन तथा सुपरीवेक्षणको कार्यलाई निरन्तरता दिई विद्यालय शिक्षक एवं कर्मचारीहरुको पेशागत दायित्व र मर्यादालाई उच्च राख्न शिक्षक एवं कर्मचारी सम्मान कार्यक्रम सञ्चालन गरिनेछ। संघीय सरकारको विशेष अनुदान मार्फत सुविधा सम्पन्न विद्यालय भवन निर्माण कार्य निरन्नतरता दिइनेछ । साथै बाल कक्षा व्यवस्थापन इ-लाइब्रेरी, विद्यार्थी प्रतिभा पहिचान एव प्रोत्साहन कार्यलाई निरन्तरता दिइनेछ ।

७६. सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको विश्वसनीय आधारमा मूल्यांकन गर्नको लागि कक्षा ५ मा उपलब्धी परीक्षण परीक्षा र कक्षा ८ को अन्त्यमा आधारभूत तह उत्तिर्ण परीक्षा संचालन तथा व्यवस्थापन गरिनेछ ।

७७. विद्यार्थी सँग अध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ । जसबाट विद्यार्थीहरुमा नेतृत्व तथा क्षमता विकास हुनेछ ।

७८. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको लागि सामुदायिक विद्यालयमा आवश्यक तहगत तथा विषयगत शिक्षकहरुको व्यवस्थापनको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिनेछ।

७९. साहित्य क्षेत्रमा कमल चलाउनेहरूलाई लक्षित गरी सामुदायिक वाचानलय स्थापना गर्ने नीति लिइनेछ ।

## युवा तथा खेलकुद

८०. **कञ्चन** गाउँपालिकामा खेलकुद क्षेत्रको विकासको लागि अन्तर विद्यालय खेल सप्ताह कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ । विगत देखिनै सञ्चालनमा रहेको राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिइनेछ ।



कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

८१. गाउँपालिका भित्रका खेलाडिहरुको पहिचान र खेलको माध्यमबाट समग्र युवा वर्गमा सकारात्मक चिन्तनको विकासका लागि पालिका स्तरिय प्रतियोगितात्मक कार्यक्रम र आवश्यक सामग्री खरिद गरी वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

८२. गाउँपालिका भित्रको समग्र खेलकुद क्षेत्रको विकासका लागि समर्पित खेलाडि र खेलकुद प्रशिक्षकहरुलाई सम्मान गरिने व्यवस्था मिलाईनेछ ।जसबाट खेल क्षेत्रको विकास हुनुका साथै खेलाडी र खेल प्रशिक्षकहरुको मनोबल उचो राख्न सहयोग पुग्नेछ ।

**रोजगार सेवा केन्द्र**

८३. यसै वर्षदेखी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायीक आयोजनामा पालिकाको र वडा तहमा समेत लागत साझेदारीका आधारमा कार्यक्रम सञ्चालन गरिनेछ । जसबाट रोजगारीको प्रवर्द्धन र भौतिक पुर्वाधारको विकास निर्माणका साथै उक्त कार्यक्रमहरुबाट सकारात्मक परिणाम सहितको नतिजा निस्कनेमा विश्वास गरिएको छ ।

८४. वैदेशिक रोजगारबाट फर्केका नागरिकहरुको ज्ञान, सिप, पुंजी र प्रविधिलाई यस गाउँपालिकाको उन्नयन र विकासमा प्रयोग गरी नेपालमा नै थप रोजगारीका अवसरहरु सिर्जना गर्नुका साथै ज्ञान, सीप र प्रविधिको हस्तान्तरणमा समेत सघाउ पुग्नेछ । जसका लागि विभिन्न निकायहरुसँग सम्वन्य र सम्वन्ध कायम गरिनेछ ।

८५. स्थानीय स्तरमा रोजगारीको प्रवर्द्धनका लागि सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरि रोजगारी सिर्जनामा जोड दिइनेछ ।

८६. गाउँपालिका क्षेत्र भित्र रहेका बेरोजगार व्यक्तिहरुको तथ्याक संकलन तथा विश्लेषण गरी सूचना व्यवस्थापन प्रणालीमा बेरोजगारीको सूचि अद्यावधिक र व्यवस्थित गरिनेछ । पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरि सोको सूचना प्रवाह गरिनेछ ।

८७. वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको लागि श्रम स्विकृत र पुनः श्रम स्विकृतको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वयन गरिनेछ ।

८८. स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारी प्रत्याभूत गर्ने कार्यका लागि ***"कामका लागि पारिश्रमिक"*मा** आधारित सामुदायिक आयोजना संचालन गरी श्रममुलक योजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभुत गरिनेछ ।

कञ्चन गाउँपालिका आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

८९. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको सिर्जना गर्न आवश्यक सिपमुलक पहिचान गरी बेरोजगार व्याक्तिलाई तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ।

९०. बैदेशिक रोजगारी वोर्डवाट प्रदान गरिदै आएका सेवाहरुमा रोजगार सेवा केन्द्रबाट समेत आवश्यक सहजीकरण गरिनेछ ।रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापकिय पक्षमा थप प्रभावकारीता सिर्जना गरी पालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजागरहरुलाई उच्च प्राथमिकताका साथ अगाडि बढाईने नीति अबलम्वन गरिनेछ ।

**भौतिक पूर्वाधारतर्फ**

९१. सडक, पूर्वाधार तथा बिकास निर्माणका कामहरुमा पारदर्शीता ल्याउन १० लाख भन्दा माथि लागत अनुमान भएका सम्पूर्ण निर्माण विद्युतीय बोलपत्र (E Bidding) मार्फत गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

९२। गाउँपालिका भित्र मुख्य आवश्यक चोकमा अपाङ्गमैत्री सुविधासम्पन्न सार्वजनिक शौचालय निर्माण गर्ने कार्य अगाडी बढाइनेछ ।

९३. नयाँ भवनको नक्सा पास र पुरानो भवनलाई अभिलेखीकरण तथा नियमित प्रक्रियामा लैजान पालिकाभित्र रहेका भवनको निर्माण मापदण्ड स्वीकृत गरी लागु गरिने छ साथै यस गाउँपालिकाको निर्माणको क्रममा रहेको सडक गुरूयोजना चालु आ.व.मै स्वीकृत गरि सोही अनुसार सडक निर्माणका कार्यहरुलाई अगाडी बढाइनेछ ।

९४. गाउँपालिकाका मूख्य चोकहरूमा रहेका पुराना सि. सि. टि. भि. क्यामेराहरूको मर्मत गरी आवश्यक स्थानहरूमा थप सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

९५. ***"फराकिलो सडक, विकासको पूर्वाधार"*** भन्ने नारालाई अवलम्बन गर्दै तयार गरिएको गाउँपालिका **Transportation Master Plan** बमोजिम सडक निर्माणलाई प्राथमिकताको आधारमा बजेट बिनियोजन गर्नुका साथै मूख्य सडकलाई चौडागरि स्तरोन्नती गर्दै ASPHALT PAVEMENT सहितको कालोपत्रे गरिनेछ साथै गाउँपालिकाभित्र रहेका सबै सडकहरू १२ महिना सञ्चालनका लागि हेभी ग्राभेल हुने गरि कार्य प्रक्रिया अघि बढाइने छ।

९६. वडा नं ४ र ५ को सिमानामा डम्पिङ्ग साइटका लागि वातावरणीय प्रभाव मूल्याङ्कन तथा निर्माणका लागि बजेट बिनियोजन गरि कार्य अघि बढाइनेछ।

९७. वडा नं. ५ को गरगरे चोकदेखि वडा नं ५ को कार्यालय सम्म जोड्ने सडक, वडा नं. ३ को हर्नाचौर भावना टोल हुँदै ढुंगाना टोल शिव मन्दिर जाने सडक र वडा नं. १ को लुम्बिनी रोड डेलर देखि वडा नं २ मुसहर वस्ती सम्म सडकहरूलाई कालोपत्रे गर्ने कार्य यसै वर्ष सम्पन्न गरिनेछ।

९८. हरैया मा.वि. भवन निर्माणका लागि बजेट बिनियोजन गरिनेछ।

९९. लौसा देखि कुचेरा चोक दानापुर बेलडाँडा हुँदै फायर लाइन सम्म जोड्ने सडकको केही भाग यसै आर्थिक वर्षमा कालोपत्रे गरिनेछ।

१००. एकै प्रकृतिका साना-साना योजनाहरुलाई एकिकृत गरि कार्य प्रक्रियाको सरलिकरण तथा गुणस्तर अभिवृद्धि गर्नको लागि एउटै ठेक्का प्रकृया वा उपभोक्ता समितिमार्फत संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

१०१. यस गाँउपालिकाको मूख्य सडकको रुपमा रहेको लुम्बिनी फायरलाईन सडकलाई ४ लेन सडकको रुपमा स्तरोन्नती गर्नको लागि संघीय सरकारसँग समन्वय गरिनेछ ।

१०२. यस गाउँपालिकाभित्र सञ्चालित हाट बजारहरूलाई गाउँपालिकाबाटै सञ्चालन र व्यवस्थापन गर्ने नीति अनुरूप उपयुक्त स्थानको छनौट गरि कुनै एक स्थानमा हाट बजार पूर्वाधार निर्माणको लागि यसै वर्ष कार्य प्रारम्भ गरिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापनतर्फ**

१०३. विपद् सम्बन्धमा कृत्रिम अभ्यास गरि जनचेतना वृद्धि गर्दै खुल्ला क्षेत्रको पहिचान र संरक्षण गर्ने कार्य क्रमशः सञ्चालन गरिनेछ ।

१०४. विपद्को पूर्व तयारी तथा प्रतिकार्य योजना तथा खोज उद्दार लगायतका तालिम, कार्यक्रम सञ्चालन गरी विपद् व्यवस्थापनमा संलग्न विभिन्न निकायहरुको कार्यमा सहजिकरण गर्दै आवश्यक कानूनी तथा संस्थागत व्यवस्थालाई थप प्रभावकारी बनाई जोखिम क्षेत्रको पहिचान तथा नक्साङ्कन गरि सोही वमोजिम विपद् उत्थानशील योजना निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ।

१०५. विपद् जोखिम न्यूनिकरणका लागि क्षमता विस्तार तथा विपद् प्रतिकार्य योजना तयार गरी जोखिम व्यवस्थापनसँग सम्वन्धित सामाग्रीहरु खरिद कार्यका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

१०६. जमिन मुनिको पानी पुनर्भरणका लागि पानीको मुहानको संरक्षण गर्ने प्रयोजनार्थ ***"एक वडा एक रिचार्ज पोखरी"*** निर्माण गरिनेछ । जसबाट पानीका मुलहरु सर्सिने, सिचाई सुविधा उपलब्ध भई कृषि उत्पादनमा टेवा पुग्ने र माछा पालन व्यवसायबाट आम्दानीको स्रोत समेत बढ्ने छ ।

१०७. वन, वातावरण, हरियाली प्रवर्द्धन, गाउँ सौन्दर्यकरणमा स्थानीय जनता, उपभोक्ता र कर्पोरेट क्षेत्रसँग सहकार्य गरिनेछ ।

१०८. वातावरण संरक्षण, कार्वनको संचितिकरण प्राकृतिक स्रोतहरुबाट हुने लाभहरुको बाँडफाँड तथा जलवायु परिवर्तन न्यूनिकरण सम्वन्धी समुहमा आधारित वन व्यवस्थापन समुहहरुको भूमिका विस्तार गर्न सूचनामुलक कार्यक्रम तथा सामुदायिक उत्थानशिलताका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

१०९. कालो पत्रे तथा स्तरोन्नती भइसकेका सडकहरुका किनारामा हरियाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि सडकका दायाँ बायाँ वातावरण अनुकुलका वृक्षरोपण कार्य गरी हरित अर्थतन्त्रमा टेवा पुऱ्याईनेछ ।

११०. वृक्षरोपण गर्नका लागि उपयुक्त सार्वजनिक जग्गाको पहिचान र अभिलेखिकरण गरी विपन्न वर्ग लक्षित समिति निर्माण गरी उक्त जग्गामा वृक्षारोपणका लागि आवश्यक व्यवस्था गरिनेछ ।जसवाट विपन्न वर्गहरुको आय आर्जनमा वृद्धि भई दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्नेछ ।

१११. ***"जिविको पार्जनका लागि वन"*** भन्ने अभियानलाई सार्थक तुल्याउन कृषि वन प्रणाली मार्फत हरित रोजगारी सिर्जना गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

**महिला बालबालिका तथा ज्येष्ठ नागरिक**

११२. महिलाहरुको सक्रिय सहभागितामा स्थापना हुने र सञ्चालनमा रहेका लघु उद्योगहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरुलाई उच्च प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

११३. लैगिक हिंसा निवारण तथा तत्काल उद्धार तथा राहत कोष सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ । जसबाट लैगिक हिंसामा परेका व्यक्तिहरु प्रत्यक्ष रुपमा लाभान्वित हुनेछन् ।

११४. बालबालिकाहरुमा हुने शारिरिक, मानसिक तथा यौनजन्य दुव्यवाहार तथा जघन्य अपराध न्यूनिकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकासका लागि विशेष प्राथमिकताका साथ विभिन्न कार्यक्रमहरु अगाडी बढाइनेछ ।

११५. बाल क्लबहरुको गठन गरी नैतिक शिक्षाको विकास हुने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।संरक्षकत्व गुमाएका बालबालिका तथा अन्य व्यक्तिहरुका लागि पुनः स्थापना तथा सुरक्षित आवास लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११६. बालमैत्री स्थानीय शासनको अवधारणालई क्रमशः कार्यान्वयन गर्न बालबालिकामा हुने शारिरीक, मानसिक र यौनजन्य दुव्यवहार नियन्त्रण तथा बालशोषण, दमन, अन्याय र अत्याचारलाई हटाउदै बाल अधिकारलाई पुर्णहरुमा कार्यान्वयन गर्ने निति लिइनेछ ।

११७. बौद्धिक अपाङ्गता भएका बालबालिका तथा अन्य व्यक्तिहरुलाई सरल र सहज जिवनयापनका लागि आवश्यकता पहिचान गरि सोही अनुसारका कार्यक्रमलाई अगाडि बढाइने छ ।

११८. असहाय र विपन्न परिवारका महिलाहरुलाई क्षमता विकास तथा सीपमूलक तालिमहरु प्रदान गरि सक्षम र आत्मनिर्रभर बनाउने नीति अंगिकार गरिनेछ ।

११९. सामाजिक कुरिति, कुसंस्कार, जातिय विभेद र छुवाछुत अन्त्य गर्न गाउँपालिकाको नेतृत्वमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ साथै प्रत्येक वडामा गठित आमा समूह मध्येबाट उत्कृष्ट आमा समूह छनौट गरि घरेलु उद्योगको स्थापना गर्ने नीति लिइनेछ ।

## सुशासन तथा सेवा प्रवाहतर्फ

१२०. सार्वजनिक स्रोत र साधनको कुशलतापूर्वक उपयोग गरिनेछ ।आर्थिक अनुशासन, खर्चमा मितव्ययिता र भ्रष्टाचार विरुद्ध सुन्य सहनसीलताको नीति अवलम्वन गरि असल शासनको प्रवर्द्धनमा जोड दिईनेछ।सरकारी कार्यप्रणालीमा पारदर्शिता र जवाफदेहीता अभिबृद्धि गरि सुशासन कायम गरिनेछ। वित्तीय अनुशासनलाई कडाईका साथ पालना गर्दै वेरुजु कम गरिनेछ। कायम रहेको वेरुजुलाई फछ्यौट गर्नको लागि प्राथमिकता दिईनेछ।

१२१. जनप्रतिनिधी र सार्वजनिक खरिद कार्यमा संलग्न कर्मचारीहरुलाई विषय विज्ञहरुवाट सार्वजनिक खरिद र आर्थिक ऐन नियमको वारेमा प्रशिक्षित गर्ने कार्य गरिनेछ।

१२२. स्थानीय तहवाट प्रदान गरिने सेवाको गुणस्तरमा सुधार गर्दै प्रक्रिया सरलीकृत गर्ने र सेवामा सर्वसाधारण जनताको पँहुच अभिवृद्धि गर्ने उद्देश्यका साथ यस गाँउपालिकाबाट प्रदान हुने सार्वजनिक सेवाको मापदण्ड तयार गरि लागु गरिनेछ।

कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

१२३. आन्तरिक लेखापरीक्षण प्रणालीलाई प्रभावकारी र नियमित वनाईनेछ। कार्यालयमा रहेका जिन्सी सामानहरुको संरक्षण अभिलेखीकरण र नियमित मर्मत सम्भारमा जोड दिईनेछ।

१२४. सेवाग्राहीहरुको सरलतालाई मध्यनजर गर्दै प्रकृयालाई सरलिकृत गरिदै लगिनेछ। गाँउपालिकामा भईरहेका विकास निर्माण र शासकीय गतिविधीहरुको वारेमा स्थानीय जनतालाई सुसुचित गराउने उद्देश्यले सार्वजनिक सुनुवाई आवधिक समिक्षा जस्ता कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ। गाँउपालिकाको कार्यालयमा सेवाग्राही सहायता कक्षको स्थापना गरी सेवाग्राहीहरुलाई सहज तरिकाले सेवा प्राप्त हुने वातावरण मिलाईनेछ ।

१२५. बिषयगत शाखाबाट सम्पादन भएका प्रगति विवरणहरुलाई आवधिक रुपमा समिक्षा गरि भएका कमिकमजोरीहरुलाई परिमार्जन एबम सुधार गरिदै लगिनेछ।

१२६. सेवा प्रवाहलाई सरलिकृत र सहज बनाई साना तिना कामको लागि पटक-पटक गाँउपालिकासम्म आउनपर्ने बाध्यतालाई अन्त्य गर्ने उद्देश्यले रु १ लाख वा सो भन्दा कम रकम विनियोजन भएका योजना तथा कार्यक्रमहरुको हकमा गाँउपालिकाबाट अधिकार प्रत्यायोजन गरि वडा कार्यालयबाटै योजना सम्झौता तथा कार्यसम्पन्न स्वीकृत गर्ने व्यवस्था मिलाईनेछ।

१२७. न्यायिक समितिहरुलाई सक्षम र सुदृढ बनाउनको लागि क्षमता अभिबृद्धि तालिमहरु संचालन गरिनेछ। सवै वडा कार्यालयहरुमा मेलमिलापकर्ताहरुको व्यवस्था गरि क्षमता समेत अभिवृद्धि गरिनेछ। न्यायमा सवैको पहुचको अवधारणा अनुरुप अन्यायमा परेका स्थानीयवासीहरुलाई निश्पक्ष रुपमा न्याय प्राप्त गर्ने वातावरण सिर्जना गरिनेछ ।

१२८. गाँउपालिका, वडा कार्यालय र गाँउपालिका अन्तर्गतका कार्यालयहरुवाट प्रदान हुने सेवा सामाजिक न्यायको आधारमा संचालन गरिनेछ। उपभोक्ता समितिवाट सम्पादन हुने काममा प्रशासनिक एवम प्राविधिक ज्ञानको कमिले गर्दा सेवा प्राप्त गर्न हुने कठिनाईलाई मध्यनजर गर्दै उपभोक्ता समितिका मुख्य पदाधिकारीहरुलाई आवश्यक कार्यप्रक्रिया र प्राविधिक जानकारीको लागि गाँउपालिकाको तर्फबाट तालिमको व्यवस्था गरिनेछ।

१२९. कार्यालयको आवश्यकता, क्षमता र औचित्यताको आधारमा न्यूनतम संख्यामा नगर प्रहरीहरु करारमा भर्ना गरि उनीहरुलाई सामाजिक सेवा, विपद व्यवस्थापन, सरसफाई एवम हरियाली प्रवर्द्धन, सार्वजनिक सम्पतिको संरक्षण, आन्तरिक आय अभिबृद्धि, चोरी निकासी नियन्त्रण,

कञ्चन गाँउपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

शान्ति सुव्यवस्था जस्ता जनहितका कार्यमा परिचालन गरिनेछ। सबै वडा कार्यालयमा एक/एक जना प्राविधिक जनशक्तिको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिई गाँउसभावाट पारित बार्षिक कार्यक्रम तथा योजनाहरुलाई समयमै गुणस्तरीय तवरले सम्पन्न गर्नको लागि सहजीकरण गरिनेछ।

१३०. कर्मचारीहरुको मनोवल उच्च राखि नागरिकमैत्री सेवा संचालनमा उत्प्रेरित गर्नको लागि कार्यालय समय भन्दा अतिरिक्त काम गरेका कर्मचारीहरुलाई प्रमाणित अभिलेखका आधारमा निश्चित दरमा अतिरिक्त समय भत्ता तथा खाजाको व्यवस्था गरिनेछ। गाँउपालिकाको अन्तर्गतका कर्मचारीहरुलाई नियमित रुपमा खाजा र कार्यपालिकाको निर्णय वमोजिम निश्चित दरमा ईन्धनको व्यवस्था समेत गरिनेछ।

१३१. कर्मचारी तथा जनप्रतिनिधीहरुलाई अन्यत्र स्थानीय तहमा भएका असल अभ्यासहरुको अध्ययनको लागि अन्तर स्थानीय तह अवलोकन एवम अनुसन्धानका कार्यक्रम सञ्चालन गरिनेछ । कर्मचारीहरुलाई पुनर्ताजकी गराई सेवा प्रवाहमा अभिप्रेरित गर्नको लागि कार्यालयको खर्चवाट कुनै पनि अवलोकन भ्रमणमा सहभागी नभएका कर्मचारीहरुको लागि पर्यटन काजको व्यवस्था मिलाईनेछ।

१३२. सार्वजनिक खर्च कटौती र चालु खर्च नियन्त्रणका लागि कार्यालय समयमा अनुगमन तथा वैठकहरु सञ्चालन गरेवापतको भत्ता तथा खाजा खर्चलाई नियन्त्रण गरिनेछ। कार्यालयको खर्च सम्वन्धी मापदण्डलाई विश्लेषण गरि परिमार्जन समेत गरिनेछ। विभिन्न समुहहरुवाट हुने अवलोकन भ्रमणका कार्यक्रममा सहभागीहरुले समेत निश्चित दरमा आर्थिक साझेदारी गर्नपर्ने व्यवस्था मिलाईनेछ।

१३३. ओ एण्ड एम सर्भे प्रतिवेदनलाई चालु अधिवेशनमै स्वीकृत गरी सोही आधारमा कर्मचारी व्यवस्थापन गर्ने नीति लिईनेछ। अतिआवश्यक आवधिक कामका लागि वाहेक कुनै पनि कार्यालयमा ज्यालादारीको रुपमा मासिक तलव पाउने गरि कर्मचारीहरु भर्ना गरिने छैन। कार्यबोझ, औचित्यता र राजस्व क्षमताको आधारमा कर्मचारीहरु पदस्थापन गर्ने नीति लिईनेछ। स्वीकृत दरवन्दीभन्दा वढी कर्मचारीहरुको हकमा रिक्त भएका पदमा नयाँ भर्ना नलिने नीतिका साथ दरवन्दी अनुकुल गरिँदै लगिनेछ।

१३४. यस गाँउपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त पार्न मद्दत गर्ने उद्देश्यले सबै कर्मचारीहरुलाई कार्यविवरण उपलब्ध गराईनेछ र कार्यविवरणका आधारमा निश्चित मूल्याङ्कन

कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम

सूचकहरु तयार गरि उक्त मूल्याङ्कनका आधारमा कर्मचारीहरुलाई प्रोत्साहन तथा अतिरिक्त सुविधा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

१३५. सवै वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्र जडान गरि प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ।कार्यालयको वेभसाईड नियमित रुपमा अद्यावधिक गरि स्थानीय तहका सूचना तथा भएगरेका क्रियाकलापहरु हरेक स्थानीयको पहुचमा पुग्ने व्यवस्था मिलाईनेछ।

प्रस्तुत नीति तथा कार्यक्रम यस गाँउपालिकालाई सम्वृद्ध र समुन्नत गराउने दीर्घकालिन सोच र लक्ष्यको मार्गदर्शक दस्तावेज हो।निर्वाचित भएर आएपश्चातको दोस्रो नीति तथा कार्यक्रम तयार गर्ने क्रममा हामीले सम्भव भएसम्म स्थानीयवासी, नागरिक समाज लगायत सरोकारवालाका राय सुझावहरुलाई समेट्ने प्रयास गरेका छौ।प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्वद्ध सवैको पूर्ण साथ र सहयोग रहने कुरामा म विश्वस्थ रहेको छु ।

अन्त्यमा स्थायी सरकारको रुपमा कार्य गरि अनवरत रुपमा सेवा प्रदान गर्नु भएका राष्ट्रसेवक कर्मचारी वर्गप्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरुको मनोवललाई उच्च राखि अझ प्रभावकारी ढंगबाट सेवा प्रदान गर्न अझ बढि उत्पेरित भई कार्यमा लाग्न अपिल गर्दछु । साथै सामुदायिक विद्यालयमा गुणस्तरिय शिक्षा प्रदान गर्नको लागि उच्च मनोवलका साथ रुपान्तरण र परिवर्तनका खातिर अनवरत रुपमा खटिरहनु भएका शिक्षक, व्यवस्थापन समितिहरु तथा शिक्षक अभिभावक संघलाई उच्च मनोवलका साथ रुपनान्तरण र परिवर्तन गर्नका लागि अनुरोध गर्दै सम्पुर्ण विद्यार्थी भाईबहिनीहरुलाई मेहनतका साथ अध्ययन गर्न समेत अपिल गर्दछु ।
गाउँपलिका भित्रको शान्ति सुरक्षा कायम गर्नका लागि निरन्तर रुपमा खटि रहनु भएका नेपाल प्रहरीलाई निश्पक्षताका साथ खटि रहन समेत उत्प्रेरित गर्दछु ।

यस गाँउपालिकाको विकास, सम्वृद्धि र सुशासनको अभियानमा प्रत्यक्ष/परोक्ष्य रुपमा योगदान गर्नुहुने गाउँसभा सदस्यहरु, नेपाल सरकार, प्रदेश सरकार, राजनितिक दल, साझेदार संस्था, नागरिक समाज, संचारकर्मी, नीजि तथा गैरसरकारी संघ-संस्थाहरु, उद्योगी व्यवसायी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, स्थानीयवासी लगायत सरोकारवाला सम्पूर्ण व्यक्तित्वहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा समेत रचनात्मक सहयोग र सुझावको अपेक्षा गर्दछु।

***धन्यवाद, जय कञ्चन***

अध्यक्ष
**नवराज ढकाल**
कञ्चन गाउँपालिका, रुपन्देही

मिति:२०८०/०३/०७ गते ।

कञ्चन गाउँपालिकाको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम